नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं, नेपाल

पत्र संख्या :- (अनुमतिपत्र) ०८२/८३
चलानी नं.:- ५३

मितिः २०८२/०४/०७

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र सम्बन्धमा ।

श्री एस. आर. एल. ईनर्जी प्रा. लि.,
सितापाईला चोक, काठमाडौं,
फोन नं.: ०१-५६७३००१

उपरोक्त सम्वन्धमा तहाँ कम्पनीले भेरी-४ जलाशययुक्त जलविद्युत आयोजनाको जलविद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र पाउन दरखास्त दिनुभएकोमा तपसिलमा उल्लेखित कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकोले उक्त विवरण/कागजातहरू विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम पैतिस (३५) दिनको समयावधि भित्र पेश गर्न हुन मिति २०८२/०४/०६ को विभागीय निर्णयानुसार अनुरोध छ।

तपसिलः

१. प्रस्तावित आयोजनाको क्षेत्र भेरी-३ जलाशययुक्त जलविद्युत आयोजनाको क्षेत्र (Lattitude: $28^{O}$ 23' 00" N to $28^{O}$ 38' 45" N र Longitude: $81^{O}$ 50' 00" E to $82^{O}$ 05' 00" E)संग दोहोरो नपर्ने गरी र Full Supply Level र Maximum Water Level (The highest water level during flood time): 725 masl भन्दा बढी नहुने गरी अनुसूची-२, डेस्क स्टडी प्रतिवेदन र नापी विभागबाट प्रकाशित टोपो नक्सामा लेआउट,
२. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका २०७५ को अनुसूची-३ मा उल्लेखित आधारहरू बमोजिम जडित क्षमता निर्धारण गरी सोही अनुसूचीमा उल्लेख भएको विवरणहरू खुलेको डेस्क स्टडी प्रतिवेदन,
३. प्रबर्द्धक कम्पनीको कम्पनि दर्ता, प्यान दर्ता, प्रबन्धपत्र, नियमावली र शेयर दर्ता किताबको नोटराईज प्रतिलिपि,
४. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ (चौथो संशोधन समेत) को दफा ८ बमोजि प्रबर्द्धक कम्पनीको खुद सम्पत्ति (नेट वर्थ) खुल्ने गरी विभागबाट तोकिएको ढांचाको UDIN No समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने आधार/प्रमाणहरू,
५. नेट वर्थ तयार गर्ने सि.ए संस्थाको संस्था दर्ता, स्थायी लेखा नम्बर दर्ता, कर चुक्ता र नवीकरण गरिएको निस्साको नोटराइज प्रतिलिपि,
६. परामर्शदाताको संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली को प्रतिलिपि।

(शंकर बहादुर साउद)
इन्जिनियर

बोधार्थ :

१. श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग।